# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन १५ गते ०८ साल

भाग ६

## स्थानीय स्वायत्त शासनमन्त्रीजीको अपील

अहिले हाम्रो नेपालमा प्रजातन्त्र सरकार खडा भएको छ। यो समय जति जनताको सहयोग सरकारलाई मिल्दछ, उति राष्ट्रनिर्माण र जातीय गौरवका कार्यक्रममा सफलता प्राप्त गर्न सकिन्छ। सच्चा नागरिक राष्ट्रका खम्बा हुन्, देश निर्माणका जादू हुन्, स्वदेशका गहना हुन्। कुनै देश संसारमा सर्वश्रेष्ठ छन् भने त्यहाँका जनता सर्वश्रेष्ठ छन्, त्यहाँका नरनारी प्रतिभाशाली छन् र राजकाजमा पूरा सहयोग दिन्छन्। यसैले नेपालका प्रत्येक नागरिकमा अपील छ, राजकाजमा सरीक हुनुहोस् देशनिर्माणमा सहयोग गर्नुहोस् र आफूमा भएको खूबिलाई प्रदर्शन गर्नुहोस।

हिजोआजको शासनव्यवस्था प्रत्येक नरनारीको हितको निमित्त खडा भएको हो। यो कुनै जातिविशेषको निमित्त खडा भएको होइन। दूधमा घिउ लुकेझैं यो शासनको अंग अंगमा जनताको हित लुकेको छ, कदम कदममा राष्ट्र विकासको जादू छ, नवीनताको शृङ्गार छ। यसरी लुकेर रहेको गुणलाई प्रदर्शन गराउनु हरएक नागरिकको कर्तव्य र शिष्टता हो।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समय आएको छ, आएको समयलाई कदर गर्नु याने नगुमाउनु उन्नतिको ढोका खोली विकाशलाई अवकाश दिनु हो । अब काठमाडौं, भक्तपुर, ललितपुर-मा चाँडै नै नगरपञ्चायत चुनाब गर्ने प्रबन्ध भएको छ। त्यस निमित्त जो चाहिने कार्यक्रम हुन्, ती धेरै मिलिसकेका छन् । उपरोक्त चुनावले हरेक नागरिकको कार्यकुशलतालाई प्रतीक्षा गरिरहेको छ। किनभने नागरिकद्वारा चुनिएका प्रतिनिधिहरुलाई यससरका-रले ठूला ठूला कार्यभारे सुम्पने भएको छ, जसको सफलतामा राष्ट्को विकाश भई समस्त नेपालपरिवारको गौरव बढ्नेछ । उसैले चुनाबमा खडा हुनुभएका प्रत्येक नरनारीको योग्यतालाई तौली आफ्नु उत्तरदायित्वलाई अपनाई देशसेवाको महान् कार्यमा सबै नागरिक लाग्नुहुनेछ ।

हरएक ठाउँको सुधार वा बिगार उन्नति वा अवनति नागरिकद्वारा चुनि-एका सदस्यहरुमा निर्भर छ । यसैले गाउँगाउँका जनताको उचित बन्दोबस्तका लागी त्यही चुनिएका प्रतिनिधिहरू जबाफदेही हुनुपर्ने देखिएकोले आफ्नु प्रति-निधि चुन्नुभन्दा अघि नै उचित सोचविचार पुर्‍याई जो बुझ्नुपर्ने अत्यावश्यकीय कुराहरू बुझी चुनाब गर्नु अति आवश्यक छ । हुनत उपरोक्त कुराहरू आजका प्रत्येक नरनारीमा ज्ञान भएकै हो तापनि चुनाबको अगाडि शिष्टाचारको आडमा दुइ चारकुरा बोलेकोमा अत्युक्ति नहोला ।

## स्थानीय स्वायत्त शासनमन्त्रालयको विज्ञप्ति

१ समयअनुसार सकेसम्म बढीमात्रामा जनतालाई राजकाजमा सरीक गराउने उद्देश्यले अब उपान्त काठमाडौं, ललितपुर, भक्तपुर र सबै नेपालराज्यका नगरपञ्चायतहरूमा जनताद्वारा चुनिएका सदस्यबाट नै काम गराउने नयाँ बन्दोबस्त भएको छ । सभापति र उपसभापति पनि जनताबाट नै चुनिनेछन् । जनताको माग भई अत्यावश्यक परेमा मात्र चार पाँच जनासम्म सरकारनियुक्त सदस्यहरू रहनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२ पहिलेपहिले तीसहजार वा सोभन्दा बढी जनसंख्या नभई नगरपञ्चायत खडा हुँदैनथ्यो । अबउप्रान्त दशहजारसम्म जनसंख्या पुगेमा पनि नगरपञ्चायत खडा गर्ने नियम बनेको छ । नेपालको भौगोलिक र प्राकृतिक जस्ता अभेद्य कारण-वश कुनै ठाउँमा जनसंख्या दशहजार पनि पुग्न सकेन भने त्यस ठाउँमा समेत यस मंत्रालयको रेखदेखमा जनताको युक्तियुक्त सहयोगद्वारा नगरपञ्चायत खडा हुनेछ ।

३ मधेशमा पाँचहजार र पहाडमा तीनहजारमात्र जनसंख्या पुगेमा पनि अबदेखि ग्रामपञ्चायत खडा गर्ने इन्तजाम भएको छ । विशेष कारणवश उक्त जनसंख्या पुग्न सकेन भने पनि जनताको रुचि सहयोग र परिस्थितिअनुसार यस शासन—विभागको भर मद्दतमा ग्राम पञ्चायत खडा हुनेछ । यस विषयमा विशेष गरी प्राकृतिक भौगोलिक र अरु कारणउपर ध्यान दिई जनताको आपसमा घनिष्ट संबन्ध जोड्ने प्रयत्न गरिएको छ । कुनै जनतालाई पनि भौगोलिक कारणवश टाढा भई राजकाजमा अनभिज्ञ र नफ्रत हुन नदिने सिद्धान्तलाई यस शासनविभागले अपनाएको छ ।

४ नगरपञ्चायत, ग्रामपञ्चायत र जिल्लापञ्चायतसबन्धी ऐनकानून पनि समयअनुसार जो गर्नुपर्ने संशोधन गराई जनतामा चाँडै नै प्रचार गर्ने प्रयत्न भइ-रहेको छ । हाम्रो नेपालको प्राकृतिक, भौगोलिक र यातायातको असुबिधाले केही बाधा पारी उक्त विषयमा केही ढिला हुन गएको छ तापनि सकेसम्म चाँडो तिनको प्रचारमा यस शासनविभाग लागिरहेछ । संशोधन गरिएका ऐन कानूनहरु प्रचार नहुन्जेल थोरै नै समयलाई भए पनि हाल प्रचार भइरहेको ऐन कानूनबमोजिम नै कारवाइ चलाइनेछ ।

स्था. स्वा. शा. मन्त्रालय.

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।